# दीर्घकालीन पुनःस्थापना गृह (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७

घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित भइ भय तथा असुरक्षा महसुस गरी आफ्नो घर परिवार र समाजमा रही नियमित जीवनयापन गर्न नसकिरहेका महिला तथा बालिकाहरूको पुनःस्थापना गरी उनीहरूलाई पूर्ण रूपमा सुरक्षित महसुस गराई आवश्यक पर्ने मनोसामाजिक परामर्श, कानूनी सहायता तथा जीविकोपार्जन सीपका माध्यमबाट समाजमा पुन: भयरहित ढंगले पुन:स्थापना गर्न प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७६ को नियम १९ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "दीर्घकालीन पुनःस्थापना गृह (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अल्पकालीन सुरक्षा आवास" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरुलाई सेवा दिने उद्धेश्यले सञ्चालन हुने अल्पकालीन सुरक्षा आवास, सेवा केन्द्र वा सोही प्रकारको पुनःस्थापना गृह सम्झनु पर्छ।

(ख) "आश्रित बालबालिका" भन्नाले पीडितको साथमा पुन:स्थापना गृहमा रहेका बालबालिका सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "गृह प्रमुख" भन्नाले पुनःस्थापना गृहको प्रमुख भइ कामकाज गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) "पुनःस्थापना गृह" भन्नाले ऐनको दफा ५ को उपदफा (४) बमोजिम मन्त्रालयद्वारा सञ्चालनमा ल्याइएको दीर्घकालीन पुनःस्थापना गृह सम्झनु पर्छ।

(च) "नियम" भन्नाले प्रदेश घरेलु हिंसा सम्बन्धी नियमावली, २०७६ सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ सम्झनु पर्छ।

(ज) "मनोसामाजिक मनोविमर्शकर्ता" भन्नाले पुनःस्थापना गृहमा कामकाज गर्ने मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ७२० घण्टा वा तीन वर्षको तालिम पूरा गरेको व्यक्ति सम्झनु पर्छ।

(झ) "लैङ्गिक हिंसा" भन्नाले लैङ्गिक आधारमा हुने महिला विरूद्धका हिंसा र ज्यादती सम्झनु पर्छ।

(ञ) "घरेलु हिंसा" भन्नाले प्रचलित कानून बमोजिम घरेलु हिंसा भनी तोकिएका कार्यहरू सम्झनु पर्छ।

(ट) "पीडित" भन्नाले लैङ्गिक र घरेलु हिंसा पीडित महिला तथा बालबालिका सम्झनु पर्छ।

(ठ) "वार्डेन" भन्नाले पुनःस्थापना गृहमा रहेका पीडितलाई पुनःस्थापना गृहमै रही हेरविचार गर्ने व्यक्ति सम्झनु पर्छ।

(ड) "सञ्चालक समिति" भन्नाले ऐनको दफा ८ बमोजिमको दीर्घकालीन पुनःस्थापना गृह सञ्चालक समिति सम्झनु पर्छ।

(ढ) "सेवा" भन्नाले पुनःस्थापना गृहबाट पीडितलाई उपलब्ध गराइने विभिन्न प्रकारका सेवाहरू सम्झनु पर्छ।

## परिच्छेद-२

## पीडितलाई पुनःस्थापना गृहमा राखिने सम्बन्धी व्यवस्था

३. **पुनःस्थापना गृहमा राखिने:** (१) घरेलु तथा लैंङ्गिक हिंसाबाट पीडित भइ असुरक्षा महसुस गरी घर तथा समाजमा रहन बस्न नसकिरहेका तथा अल्पकालीन सुरक्षा आवासमा राखी सेवा प्रदान गर्न नसकिने अवस्थाका पीडितलाई सम्बन्धित स्थानीय तह तथा अल्पकालीन सुरक्षा आवासको सिफारिसका आधारमा पीडितहरूलाई पुनःस्थापना गृहमा राखी सेवा प्रदान गरिने छ।

(२) उपदफा (१) बमोजिम अल्पकालीन सुरक्षा आवासमा राखी सेवा प्रदान गर्न नसकिने अवस्थाका पीडितलाई त्यस्तो अल्पकालीन सुरक्षा आवासबाट पुनःस्थापना गृहमा पठाउँदा देहाय बमोजिमको समितिले सिफारिस गर्नुपर्नेछः-

(क) सम्बन्धित वडाको वडाध्यक्ष —संयोजक

(ख) नेपाल प्रहरीको कम्तिमा प्रहरी सहायक निरीक्षक —सदस्य

(ग) सम्बन्धित अल्पकालीन सुरक्षा आवास प्रमुख/प्रतिनिधि —सदस्य

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन भएका अस्पतालको सिफारिसका आधारमा समेत पीडितलाई पुनःस्थापना गृहमा राख्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तह तथा अल्पकालीन सुरक्षा आवासबाट सिफारिस गरी पीडितलाई पुनःस्थापना गृहमा पठाउँदा अनुसूची-१ बमोजिमको ढाँचामा पीडितको पहिचान तथा प्रमाणीकरण फाराम भरी उपदफा (२) बमोजिमको समितिको सिफारिस प्रतिवेदनका साथै पीडितसँग सम्बन्धित अन्य सम्पूर्ण कागजातहरू पठाउनुपर्नेछ।

(५) पुनःस्थापना गृहमा पीडितलाई बुझाइसकेपछि बुझाउने र बुझ्ने पक्षले अनुसूची-२ बमोजिमको ढाँचामा कागज गरी पीडितलाई बुझाउन लिएर आउने पीडितको नजिकको संरक्षक वा अल्पकालीन सुरक्षा आवासको प्रतिनिधिलाई एक प्रति बुझाउनुपर्नेछ।

४. **पीडितको पुनःस्थापना सम्बन्धी व्यवस्था:** (१) पुनःस्थापना गृहमा रहेका पीडितलाई छ महिनाभित्रमा पुनःस्थापना गरिसक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र पुनःस्थापना गर्न नसकिएका पीडितलाई निश्चित समय तोकी सो समयसम्म राख्नुपर्ने आधार र कारण खोली सञ्चालक समितिबाट स्वीकृत गरी अधिकतम दुई वर्षसम्म पुनःस्थापना गृहमा राखी सेवा प्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम पीडितलाई पुनःस्थापना गर्दा पुनःस्थापना गृहबाटै पुनःस्थापना गरिएको अवस्थामा स्थानीय प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक/प्रतिनिधि दर्जाका प्रहरी कर्मचारी तथा पीडितको घर ठेगानामै गई पुनःस्थापना गरिएको अवस्थामा सम्बन्धित वडाको वडाध्यक्ष/सदस्यको रोहवरमा पुनःस्थापना गर्नुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम पीडितलाई पुनःस्थापना गर्नुअघि जीविकोपार्जनका लागि आवश्यक सीप विकास तालिम प्रदान गरिनेछ।

(५) उपदफा (३) बमोजिमको सीप विकास तालिमको प्रकार, अवधि तथा तालिम लिने पीडितहरूको छनौट सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) र (२) बमोजिमको अवधि पुगी पीडितलाई पुनःस्थापना गर्दा पीडितको नजिकको संरक्षकलाई अनुसूची-३ बमोजिमको ढाँचामा बुझिलिएको कागज गराउनुपर्नेछ।

## परिच्छेद-३

## पुनःस्थापना गृहबाट प्रदान गरिने सेवा सम्बन्धी व्यवस्था

५. **सुरक्षित आवास सुविधा पाउने:** पुनःस्थापना गृहमा रहेका पीडितले देहाय बमोजिम सुरक्षित परिसर सहितको सुविधासम्पन्न आवास सुविधा प्राप्त गर्नेछन्:-

(क) चारैतिर कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारवारले घेरिएको आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको सुरक्षाका दृष्टिकोणले उपयुक्त परिसर,

(ख) परिसर हाताभित्र हिँडडुल गर्न मिल्ने खालको पर्याप्त खुला स्थानको सुविधा भएको,

(ग) पर्याप्त हावाको आवतजावत हुने कोठाहरू,

(घ) एकजनाका लागि प्रतिव्यक्ति कम्तिमा ६४ वर्गफिट र दुई वा सो भन्दा बढीका लागि प्रतिव्यक्ति कम्तिमा ५० वर्गफिट क्षेत्रफल हुने गरीका कोठाहरू,

(ङ) प्रत्येक पीडितका लागि दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल आदि समेत गरी एक-एक थान ओड्ने ओछ्याउने सहितको छुट्टाछुट्टै खाट,

(च) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि टेलिभिजन सहितको साझा कक्ष,

(छ) शौचालय तथा स्नान कक्ष,

(ज) सञ्चार सम्पर्कका लागि साझा टेलिफोन,

(झ) आवश्यकता अनुसार हिटर, पङ्खा

(ञ) पर्याप्त पिउने पानी,

(ट) नुवाइधुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी इत्यादि,

(ठ) तल्लापिच्छे अग्नि नियन्त्रक उपकरण, र

(ड) सुरक्षा व्यवस्थाका लागि पालो पहरा।

६. **<u>लत्ताकपडाको सुविधा पाउने:</u>** पुनःस्थापना गृहमा रहेका पीडित र निजका आश्रित बालबालिकाले देहाय बमोजिम लत्ताकपडाको सुविधा प्राप्त गर्नेछन्ः-

(क) प्रतिव्यक्ति अर्धवार्षिक रूपमा दुई हजार पाँच सय रूपैयाँका दरले लगाइने आवश्यक कपडाहरू,

(ख) जाडो मौसममा स्वेटर, ज्याकेट, टोपी लगायतका न्याना कपडाको लागि प्रतिव्यक्ति थप रू. दुई हजार पाँचसय रूपैयाँ,

(ग) गृह प्रमुखले सिफारिस गरे बमोजिम साबुन, स्याम्पु, ब्रस, मञ्जन लगायतका दैनिक अत्यावश्यकीय कुराहरू।

७. **<u>दैनिक खाना र खाजाको सुविधा पाउने:</u>** पुनःस्थापना गृहमा रहेका पीडित र निजका आश्रित बालबालिकाले प्रतिव्यक्ति दैनिक तीन सय रूपैयाँका दरले देहाय बमोजिम दैनिक खाना र खाजाको सुविधा प्राप्त गर्नेछन्ः-

(क) विहान चियासँगै हल्का खाजा,

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजासँगै चिया,

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि हप्ताको दुईपटक माछामासु तथा शाकाहारीका हकमा च्याउ, पनिर, दुध, दही, फलफूल इत्यादी।

८. **<u>विशेष अवस्थाका पीडितलाई विशेष सुविधा:</u>** पुनःस्थापना गृहमा रहेका विशेष अवस्थाका पीडितले निजहरूलाई आवश्यक पर्ने अतिरिक्त तागतिलो तथा पोसिलो खानेकुरा वापतको लागि दफा ७ बमोजिमको सुविधाको अतिरिक्त देहाय बमोजिम थप सुविधा प्राप्त गर्नेछन्:-

(क) सुत्केरीले महिलाले सुत्केरी भएको पैतालिस दिनसम्म दैनिक एक सय रूपैयाँ,

(ख) विरामी भइ उपचाररत पीडितले उपचार अवधिका लागि दैनिक एक सय रूपैयाँ।

९. **<u>स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था:</u>** (१) पुनःस्थापना गृहमा रहेका पीडितले एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार सेवा पाउने छन्।

(२) उपदफा (१) बमोजिम एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन भएका अस्पतालबाट स्वास्थ्य उपचार हुन नसकेका पीडितको थप उपचार सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्णय गरे बमोजिम हुनेछ।

१०. **<u>मनोसामाजिक मनोविमर्श सेवा सम्बन्धी व्यवस्था:</u>** (१) पुनःस्थापना गृहमा रहेका पीडितले एकजना मनोसामाजिक मनोविमर्शकर्ताबाट पीडितको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था गरी पीडितको आवश्यकताको आधारमा मनोसामाजिक मनोविमर्श सेवा पाउने छन्।

(२) उपदफा (१) बमोजिम मनोसामाजिक मनोविमर्श सेवा दिइसकेपछि सेवा दिने मनोसामाजिक मनोविमर्शकर्ताले अनुसूची-४ बमोजिमको ढाँचामा मनोसामाजिक मनोविमर्श लेखाजोखा फाराम भरी गृह प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको मनोसामाजिक मनोविमर्शकर्ताको सेवाको दर सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

११. **<u>कानूनी परामर्श सेवा सम्बन्धी व्यवस्था:</u>** (१) पुनःस्थापना गृहमा रहेका पीडितले आवश्यकता अनुसारको कानूनी परामर्श सेवा पाउने छन्।

(२) उपदफा (१) बमोजिम कानूनी परामर्श सेवा दिइसकेपछि सेवा दिने व्यक्ति वा कानून व्यवसायीले अनुसूची-५ बमोजिमको ढाँचामा कानूनी परामर्श फाराम भरी गृह प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

१२. **<u>आश्रित बालबालिकालाई राख्ने व्यवस्था:</u>** (१) पीडितसँगै रहेका सात वर्ष मुनीका आश्रित बालबालिकालाई पुनःस्थापना गृहमा राख्न सकिनेछ।

(२) सात वर्ष उमेर पूरा गरेका आश्रित बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाइनेछ। नजिकको संरक्षक कोही फेला नपरेमा संस्थागत स्याहारका लागि पठाइनेछ।

(३) उपदफा (२) बमोजिम बालबालिकालाई नजिकको संरक्षकको जिम्मा लगाउँदा वा संस्थागत स्याहारका लागि पठाउँदा अनुसूची-६ बमोजिमको ढाँचामा कागज गराइ बुझ्नु बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमका आश्रित बालबालिकाको प्रारम्भीक बाल शिक्षाको व्यवस्था पुनःस्थापना गृहबाट गरिनेछ।

१३. **पीडितको शिक्षा सम्बन्धी व्यवस्थाः** (१) विद्यालय शिक्षा अध्ययन गरिरहेका पीडितको शिक्षादिक्षाको यथोचित प्रबन्ध पुनःस्थापना गृहबाट हुनेछ।

(२) पुनःस्थापना गृहमा आउनु भन्दा पहिले नै विद्यालय भर्ना भइ अध्ययन गरिरहेका पीडितलाई सम्भव भएमा निज अध्ययन गरिरहेको विद्यालयमा परीक्षा दिने व्यवस्था मिलाइ पुनःस्थापना गृहमा नै शिक्षिका बोलाइ पठनपाठनको आवश्यक व्यवस्था मिलाइनेछ।

(३) पीडितको पठनपाठन सम्बन्धी कार्यका लागि सञ्चालक समितिको निर्णय बमोजिम नजिकको कुनै विद्यालयसँग सम्झौता गर्न सकिनेछ।

(४) विद्यालय भर्ना भएका पीडितलाई किताव, कपी, कलम लगायतका शैक्षिक सामग्रीहरू उपलब्ध गराइनेछ।

१४. **पीडितको नजिकको संरक्षकलाई पुनःस्थापना गृहमा रहन दिने सम्बन्धी व्यवस्थाः** (१) पीडितको शारीरिक तथा मानसिक अवस्था हेरी मनोसामाजिक मनोविमर्शकर्ताको सिफारिसमा सञ्चालक समितिको निर्णय बमोजिम पीडितले रोजेको निजको नजिकको महिला संरक्षकलाई निश्चित समय सम्मको लागि पुनःस्थापना गृहमा पीडितसँगै रहन दिन सकिनेछ।

(२) सञ्चालक समितिबाट तोकिएको समयावधी पुरा भएको अवस्थामा समेत आवश्यकता अनुसार पीडितको अवस्था हेरी मनोसामाजिक मनोविमर्शकर्ताको सिफारिसमा पुनः निश्चित समयसम्मको लागि सञ्चालक समितिको निर्णय बमोजिम उपदफा (१) बमोजिमको महिला संरक्षकलाई पुनःस्थापना गृहमा पीडितसँगै रहन दिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम पीडितसँगै पुनःस्थापना गृहमा रहेकी महिला संरक्षकलाई दफा ७ बमोजिम दैनिक खाना र खाजाको सुविधा उपलब्ध गराइनेछ।

## परिच्छेद-४

## सञ्चालक समिति, गृह प्रमुख तथा वार्डेनको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

१५. **सञ्चालक समिति तथा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) पुनःस्थापना गृहको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक सञ्चालक समिति रहेको छः-

(क) मन्त्रालयले मनोनयन गरेको व्यक्ति —अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको उपप्रमुख —सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव —सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्रालयका उपसचिव —सदस्य

(ङ) मन्त्रालयले मनोनित गरेका कम्तिमा दुई महिला सहित तीन जना —सदस्य

(च) मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख —सदस्य-सचिव

(२) यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुनःस्थापना गृहको आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) पुनःस्थापना गृहको शाखा विस्तार गर्नुपर्ने भएमा सम्भाव्यता अध्ययन गरी मन्त्रालय मार्फत निर्णयको लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(ग) पुनःस्थापना गृहमा रहेका पीडितहरुलाई दिइने रोजगारमुलक सीप विकास तालिमको आवश्यकता पहिचान गरी सो को मापदण्ड र कार्यविधि तयार गर्ने,

(घ) ऐनको दफा ५ को उपदफा (५) बमोजिम विस्तार हुने शाखाको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका तयार गर्ने र त्यस्तो शाखालाइ आवश्यक सहयोग गर्ने,

(ङ) नियम ७ को उपनियम (३) बमोजिम प्रदेश सरकार अन्तर्गत दर्ता भएका सामाजिक विकास संस्थाद्वारा सञ्चालित दीर्घकालीन पुनःस्थापना गृह र सो गृहको शाखा व्यवस्थापनको लागि त्यस्ता संस्थालाई प्रदेश सरकारबाट आर्थिक अनुदान दिइएको भए उक्त संस्थाले गरेको काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी मन्त्रालय समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्ने,

(च) पुनःस्थापना गृहको निर्माण, मर्मत सम्भार लगायतका कार्यमा आवश्यक निर्देशन दिने,

(छ) पुनःस्थापना गृह र गृहको शाखाको काम कारवाहीको बारेमा चौमासिक रूपमा मूल्याङ्कन र समीक्षा गरी प्रवाह गरिएको सेवा सुविधाको गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा मन्त्रालय समक्ष आवश्यक सुझाव, सिफारिस र पृष्ठपोषण प्रदान गर्ने,

(ज) पुनःस्थापना गृहमा कार्यरत कर्मचारीहरूको कामको सम्बन्धमा समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने।

१६. **गृह प्रमुखको काम, कर्तव्य र अधिकार**: (१) पुनःस्थापना गृहको प्रमुख भइ दैनिक प्रशासनिक कार्यको सञ्चालन र व्यवस्थापन गर्न मन्त्रालयले तोकेको एक गृह प्रमुख रहने छन्।

(२) गृह प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालय प्रमुखको रूपमा पुनःस्थापना गृहको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) मन्त्रालय तथा सञ्चालक समितिबाट पुनःस्थापना गृहको लागि भएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) सञ्चालक समितिलाई पुनःस्थापना गृहको आवश्यक बजेट, कार्यक्रम र योजना तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्न सहजीकरण गर्ने,

(घ) सञ्चालक समितिको निर्णय बमोजिम अन्य निकाय तथा संघ संस्थासँग सहकार्य गरिने कुनै कामका सम्बन्धमा पुनःस्थापना गृहको तर्फबाट सम्झौता गर्ने,

(ङ) मासिक प्रतिवेदन तयार गरी मन्त्रालय र सञ्चालक समिति समक्ष पेश गर्ने,

(च) मन्त्रालय तथा सञ्चालक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने गराउने।

१७. **वार्डेनको काम, कर्तव्य र अधिकारः** (१) पुनःस्थापना गृहमा रहेका पीडितलाई पुनःस्थापना गृहमै रही हेरविचार गर्न मन्त्रालयले तोकेको एक वार्डेन रहने छन्।

(२) वार्डेनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गृह प्रमुखको प्रत्यक्ष निर्देशनमा रही पीडितको हेरचाह गर्ने,

(ख) पीडितको लागि खानपिनको व्यवस्थापन गर्ने,

(ग) पीडितले प्राप्त गर्ने सेवा प्रवाहमा गृह प्रमुखलाई सहजीकरण गर्ने,

(घ) पीडितको स्वास्थ्य अवस्थाको ख्याल गरी प्रतिकूलता आइपरेको स्थितिमा गृह प्रमुखलाई खवर गरी अस्पताल लैजान बन्दोबस्ती गर्ने,

(ङ) मनोविमर्शकर्ताको सेवा आवश्यक भएका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी दिने,

(च) कानूनी सेवा आवश्यक भएका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी दिने,

(छ) विद्यालय जाने उमेरका पीडितको पहिचान गरी गृह प्रमुखलाई जानकारी गराइ पठनपाठनको लागि आवश्यक सहजीकरण गर्ने,

(ज) पीडितको अभिलेख कितावमा पीडितहरूको अभिलेख राख्ने,

(झ) मासिक प्रतिवेदन तयार गरी गृह प्रमुख समक्ष पेश गर्ने,

(ञ) गृह प्रमुखको अनुपस्थितिमा पुनःस्थापना गृहको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ट) गृह प्रमुख, सञ्चालक समिति तथा मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-५

## विविध

१८. **पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था:** (१) पुनःस्थापना गृहमा रहेका पीडितहरूलाई समय समयमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम भेटघाट तथा पारिवारिक पुनर्मिलनको अवसर प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम पुनर्मिलनको अवसर प्रदान गर्दा पीडितको परिवारका सदस्यहरूलाई पुनःस्थापना गृहमै वा आवश्यकता अनुसार निश्चित समय सम्मका लागि पीडितको घरमै परिवारका सदस्यको जिम्मा लगाइ लैजान दिइनेछ।

(३) उपदफा (२) बमोजिम पीडितको परिवारको सदस्यको जिम्मामा पारिवारिक पुनर्मिलनका लागि घरमा पठाउँदा र घरबाट पुनःस्थापना गृहमा पुनः पीडितको जिम्मा बुझ्दा अनुसूची-७ बमोजिमको ढाँचामा कागज गराइ बुझ्नु बुझाउनु पर्नेछ।

(४) पारिवारिक पुनर्मिलनको लागि पीडितलाई लैजाँदा तथा ल्याउँदा पीडित तथा निजको परिवारका सदस्यको लागि लाग्ने यातायात तथा खानपिनको खर्च पीडितको परिवारका सदस्यबाटै व्यहोर्नुपर्नेछ।

१९. **आगन्तुकलाई अवलोकनका लागि प्रवेश गर्न दिने व्यवस्था:** (१) पुनःस्थापना गृहको अवलोकन गर्न चाहने पत्रकार, अनुसन्धानकर्ता लगायतका आगन्तुकलाई सञ्चालक समितिले तोकेको समयभित्र गृह प्रमुखको स्वीकृतिमा पुनःस्थापना गृहको अवलोकन गर्न दिइने छ।

(२) उपदफा (१) बमोजिम अवलोकनका लागि आउने आगन्तुकहरूले गृह प्रमुखको स्वीकृतिबाहेक क्यामेरा, मोबाइल वा अन्य उपकरणबाट पीडितहरूको फोटो खिच्न वा निजहरूसँग गरेको कुराकानीको रेकर्ड गर्न पाउनेछैनन्।

(३) उपदफा (१) बमोजिम अवलोकनका लागि आउने आगन्तुकलाई अनुसूची-८ बमोजिमको कागजमा हस्ताक्षर गराउनुपर्नेछ।

२०. **पीडितको अभिलेख राख्ने**: (१) पुनःस्थापना गृहमा रहेका पीडितको अभिलेख व्यवस्थाका लागि प्रत्येक वर्ष अनुसूची-९ बमोजिमका विभिन्न कितावहरू खडा गरी गृह प्रमुखबाट प्रमाणीकरण गरी राख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पुनःस्थापना गृहले अनुसूची-९ मा उल्लेख भए बाहेकका आवश्यकता अनुसारका अन्य अभिलेख कितावहरू सञ्चालक समितिबाट निर्णय गराइ खडा गर्न सक्नेछ।

(३) पुनःस्थापना गृहले अभिलेख प्रयोजनका लागि प्रत्येक पीडितको फरक फरक फायल खडा गरी राख्नु पर्नेछ।

२१. **जिन्सी सामान स्वीकार गर्न सक्ने:** नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले पुनःस्थापना गृह वा गृहको शाखामा आश्रय लिइरहेका पीडितका लागि आवश्यक पर्ने नगद बाहेक लत्ता

कपडा, खाद्यान्न तथा अन्य सामग्रीहरू प्रदान गर्न चाहेमा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी मन्त्रालयको सहमतिमा सञ्चालक समितिले निर्णय गरी उक्त सामग्रीहरू स्वीकार गर्न सक्नेछ।

२२. **<u>मासिक र वार्षिक प्रतिवेदन पठाउने:</u>** (१) पुनःस्थापना गृहले प्रत्येक महिनाको पहिलो हप्ताभित्र उक्त महिना भरी आफूले गरेका कार्यहरूको विस्तृत विवरण भरी मासिक प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरी सो को बोधार्थ मन्त्रालयलाई समेत पठाउनु पर्नेछ।

(२) पुनःस्थापना गृहले वर्षभरी गरेका कार्यहरूको विस्तृत विवरण भरी प्रत्येक आ.व. समाप्त भएको मितिले पन्ध्र दिनभित्र वार्षिक प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरी सो को बोधार्थ मन्त्रालयलाई समेत पठाउनु पर्नेछ।

(३) मासिक र वार्षिक प्रतिवेदनको ढाँचा अनुसूची-१० बमोजिम हुनेछ।

(४) सञ्चालक समितिले उपदफा (२) बमोजिम पुनःस्थापना गृहबाट प्राप्त भएको वार्षिक प्रतिवेदनलाई समेत आधार मानी पुनःस्थापना गृहले गरेका कार्यहरूको सम्बन्धमा प्रत्येक आ.व. समाप्त भएको मितिले दुई महिनाभित्र देहायका कुराहरू खुलाई सुझाव सहितको वार्षिक प्रतिवेदन तयार गरी सामाजिक विकास मन्त्री समक्ष पेश गर्नुपर्नेछः-

(क) पुनःस्थापना गृहको वार्षिक बजेट, कार्यक्रम तथा योजना कार्यान्वयनको अवस्था,

(ख) वर्षभरी पुनःस्थापना गृहमा आश्रय लिई बसेका पीडितको संख्या, प्रकार र निजहरूको पुनःस्थापना सम्बन्धी विवरण,

(ग) पीडितलाई वर्षभरी प्रदान गरिएको रोजगारमूलक सीप विकास तालिमको विवरण,

(घ) पुनःस्थापना गृहको शाखा विस्तारका लागि सम्भाव्यता अध्ययन गरी मन्त्रालय मार्फत निर्णयको लागि प्रदेश सरकार समक्ष पेश गरिएको भए सो सम्बन्धी विवरण,

(ङ) प्रदेश सरकार अन्तर्गत दर्ता भइ प्रदेश सरकारबाट अनुदान प्राप्त गरी दीर्घकालीन पुनःस्थापना गृह सञ्चालन गर्ने गैर सरकारी संस्थाको काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी सो को प्रभावकारी कार्यान्वयनको लागि सुझाव सहितको विवरण,

(च) अन्य आवश्यक कुराहरू।

२३. **<u>खाता सञ्चालन सम्बन्धी व्यवस्था:</u>** पुनःस्थापना गृहको खाता सञ्चालन गृह प्रमुख र मन्त्रालयबाट तोकिएको आर्थिक प्रशासन शाखाका एक जना कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

२४. **<u>लेखा र लेखा परीक्षण:</u>** (१) पुनःस्थापना गृहको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) पुनःस्थापना गृहको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

२५. **<u>सञ्चालक समिति समक्ष जानकारी गराउनुपर्नेः</u>** गृह प्रमुखले पुनःस्थापना गृहका लागि विनियोजित बजेटबाट भएको खर्चको सम्बन्धमा सञ्चालक समितिको बैठक समक्ष चौमासिक रूपमा जानकारी गराउनु पर्नेछ।

२६. **<u>सञ्चालक समितिको बैठकः</u>** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैठकमा भाग लिने सञ्चालकहरूले प्रतिबैठक दुई हजार रूपैयाँका दरले बैठक भत्ता प्राप्त गर्नेछन्।

(३) उपदफा (२) बमोजिमको बैठक भत्ता एक महिनामा अधिकतम तीनवटा बैठक सम्मको लागि मात्र दिइनेछ।

२७. **<u>छाप र लेटरप्याड सम्बन्धमाः</u>** पुनःस्थापना गृहको छाप र लेटरप्याडको नमूना अनुसूची-११ बमोजिम हुनेछ।

२८. **<u>बाधा अड्काउ फुकाउ</u>**: यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा ऐन, नियम तथा प्रचलित कानूनको विपरित नहुने गरी मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२९. **<u>संशोधन, खारेजी तथा बचाउः</u>** (१) यस निर्देशिकालाई आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार मन्त्रालयलाई रहेको छ।

(२) दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालन निर्देशिका, २०७६ खारेज गरिएको छ।

(३) उपदफा (२) बमोजिम खारेज भएको दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालन निर्देशिका, २०७६ बमोजिम पुनः स्थापना गृहको व्यवस्थापन सम्बन्धमा यस अघि भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

**अनुसूची-१**

**(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)**

**<u>पीडितको पहिचान तथा प्रमाणीकरण फाराम</u>**

१. स्थानीय तह/अल्पकालीन सुरक्षा आवासको नाम ठेगानाः

२. पीडितको नाम र स्थायी ठेगानाः

३. पीडितको जन्ममिति र हालको उमेरः

४. धर्मः

५. शैक्षिक अवस्थाः

६. पीडकसँगको नाता (नाता लाग्ने भए):

७. विवाहित/अविवाहित (विवाहित भए श्रीमानको नाम):

८. बाबुको नाम, स्थायी ठेगाना र पेशाः

९. आमाको नाम, स्थायी ठेगाना र पेशाः

१०. पीडितको बाबु आमाको फोन/मोबाइल नं.:

११. अल्पकालीन आवास गृहमा आएको माध्यमः

१२. उद्धार गरिएको स्थानः

१३. पीडितसँग सम्बन्धित घटनाको सम्पूर्ण विवरण (सुरू देखी हाल सम्म भोगेका हिंसाजन्य कुराहरूको फेहरिस्त, स्थान र मिति समेत खुलाएर):

............................................................................................................................

............................................................................................................................

१४. पीडितको हालको अवस्थाः

१५. दीर्घकालीन पुन:स्थापना गृहमा बुझाउनु पर्ने कारणः

१६. पीडितको सम्बन्धमा अन्य केही विशेष कुरा भए खुलाउनेः

यस स्थानीय तहमा/मेरो संस्थामा जानकारी भएसम्मका पीडितका सम्बन्धमा माथी उल्लिखित विवरण ठिक साँचो हो, झुटा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने;

स्थानीय तहका प्रमुख वा प्रतिनिधि/ अल्पकालीन सुरक्षा आवासका प्रमुखको नामथरः

पदः

कार्यालयको छापः

मितिः

**अनुसूची-२**

**(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)**

**<u>दीर्घकालीन पुन:स्थापना गृहमा पीडितलाई जिम्मा लिए/लगाएको कागज</u>**

आज मिति ...... गतेका दिन ..... जिल्ला, .... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. .... घर भइ हाल ..... मा बसोबास गर्ने वर्ष ... की ................... लाई प्रदेश सरकारद्वारा सञ्चालित यस दीर्घकालीन पुन:स्थापना गृहमा संरक्षणका लागि निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरू सहित बुझिलिएको कुरा ठिक साँचो हो।

<u>पीडितलाई बुझाउने अल्पकालीन सुरक्षा आवासका प्रतिनिधिको/स्थानीय तहको सिफारिस भए पीडितलाई लिएर आउने व्यक्तिको</u>

नामथरः

पदः

स्थायी ठेगानाः

अल्पकालीन सुरक्षा आवासको नाम ठेगानाः

हस्ताक्षरः

<u>पीडितलाई बुझिलिने दीर्घकालीन पुन:स्थापना गृहको तर्फबाट</u>

नामथरः

पदः गृह प्रमुख

हस्ताक्षरः

कार्यालयको छापः

रोहवर (पीडितको नजिकको संरक्षक):-

नामथरः

स्थायी ठेगाना:

पीडितसँगको नाता:

हस्ताक्षरः

रोहवर:-

नामथर:

पद: वार्डेन

हस्ताक्षर:

## अनुसूची-३
## (दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

### पीडितलाई पुन:स्थापना गरिएको कागज

आज मिति .......... गतेका दिन ........ जिल्ला, .......... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. .... घर भइ मिति ....... देखी प्रदेश सरकार, प्रदेश नं. १ द्वारा सञ्चालित यस दीर्घकालीन पुन:स्थापना गृहमा आश्रय लिइ बसिरहनु भएकी वर्ष ... की .................... लाई आजैका मितिबाट सामाजिक पुन:स्थापना गर्ने प्रयोजनका लागि निजसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सहित निजको नजिकका संरक्षकको जिम्मा लगाइ पठाइएको छ।

पीडितलाई जिम्मा बुझाउने गृह प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

उल्लिखित बमोजिम मेरो ..... नाता पर्ने पीडित .......... लाई दीर्घकालीन पुन:स्थापना गृह/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुन:स्थापना प्रयोजनका लागि आजैका मितिबाट जिम्मा बुझेको कुरा ठिक साँचो हो।

पीडितलाई जिम्मा लिने नजिकको संरक्षकको नामथरः

उमेरः

पीडितसँगको नाताः

स्थायी ठेगानाः

हस्ताक्षरः

### रोहवर

उल्लिखित बमोजिम पीडित .......... लाई दीर्घकालीन पुन:स्थापना गृह/पीडितको स्थायी ठेगानाबाट सामाजिक पुन:स्थापना प्रयोजनका लागि आजैका मितिबाट मेरो रोहवरमा नजिकको संरक्षकको जिम्मा लगाएको कुरा ठिक साँचो हो।

रोहवर बस्ने व्यक्तिको नामथरः

स्थायी ठेगानाः

पदः

कार्यालयः

हस्ताक्षरः

## अनुसूची-४
### (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

### <u>मनोसामाजिक मनोविमर्श लेखाजोखा फाराम</u>

१. पीडितको नाम वा कोड नं.:

२. उमेरः

३. पीडितको पहिलो पटकको अवलोकनबाट देखिएको शारीरिक र मानसिक अवस्थाः

..........................................................................................................................

..........................................................................................................................

४. समस्या तथा गुनासाहरूः

..........................................................................................................................

..........................................................................................................................

५. पीडितलाई दिइएको मनोविमर्शको व्यहोराः

..........................................................................................................................

..........................................................................................................................

६. अघिल्लो पटकको मनोविमर्शबाट पीडितमा आएको परिवर्तनः

..........................................................................................................................

..........................................................................................................................

७. मनोविमर्शकर्ताको सुझावः

..........................................................................................................................

..........................................................................................................................

मनोविमर्शकर्ताको नामथरः

स्थायी ठेगानाः

हस्ताक्षरः

मितिः

**अनुसूची-५**

**(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>पीडितलाई दिइएको कानूनी परामर्श सम्बन्धी विवरण</u>**

१. पीडितको नाम वा कोड नं.:

२. उमेरः

३. पीडितका कानूनी समस्या तथा गुनासाहरूः

..................................................................................................................

..................................................................................................................

४. पीडितलाई दिइएको कानूनी परामर्शको व्यहोराः

..................................................................................................................

..................................................................................................................

५. कानूनी परामर्श दिनेको व्यक्तिको सुझावः

..................................................................................................................

..................................................................................................................

कानूनी परामर्श दिने व्यक्तिको नामथरः

पदः

हस्ताक्षरः

मितिः

## अनुसूची-६
### (दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

### दीर्घकालीन पुन:स्थापना गृहबाट आश्रित बालबालिकाको जिम्मा बुझे/बुझाएको कागज

आज मिति ...... गतेका दिन ..... जिल्ला, .... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. वडा नं. .... घर भइ हाल ..... मा बसोबास गर्ने वर्ष ... की .................... का छोरा/छोरी वर्ष... का/की ...... लाई प्रदेश सरकारद्वारा सञ्चालित यस दीर्घकालीन पुन:स्थापना गृहबाट परिवारको संरक्षणममा रहने गरी/संस्थागत स्याहारमा रहने गरी निजसँग सम्बन्धित आवश्यक सम्पूर्ण कागजातहरू सहित बुझिलिएको कुरा ठिक साँचो हो।

बालबालिकालाई बुझाउने दीर्घकालीन पुन:स्थापना गृहको तर्फबाट:-
नामथर:
पद: गृह प्रमुख
कार्यालय: दीर्घकालीन पुन:स्थापना गृह, प्रदेश नं. १, विराटनगर, नेपाल
हस्ताक्षर:

बालबालिकालाई बुझिलिने नजिकको संरक्षकको:-
नामथर:
स्थायी ठेगाना:
बालबालिकासँग निजको नाता:
हस्ताक्षर:

वा

बालबालिकालाई संस्थागत स्याहारका लागि बुझिलिने संस्थाको तर्फबाट:-
संस्थाको प्रमुख वा प्रतिनिधिको नामथर:
पद:
कार्यालय:
हस्ताक्षर:

रोहवर:-
नामथर:
पद: वार्डेन
कार्यालय: दीर्घकालीन पुन:स्थापना गृह, प्रदेश नं. १, विराटनगर, नेपाल
हस्ताक्षर:

रोहवर :-
नामथर:
स्थायी ठेगाना:
बालबालिकासँग नाता पर्ने भए नाता:
हस्ताक्षर:

**अनुसूची-७**

**(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>पारिवारिक पुनर्मिलनका लागि पीडितको जिम्मा बुझेको कागज</u>**

प्रदेश सरकार, प्रदेश नं. १ द्वारा सञ्चालित यस दीर्घकालीन पुनःस्थापना गृहमा मिति ......... देखी आश्रय लिइ बस्दै आउनु भएकी मेरो ....... नाता पर्ने....... जिल्ला, ....... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा वडा नं. .... स्थायी ठेगाना भएकी वर्ष .... की ............... लाई मिति .......... गतेका दिन मिति ......... गतेभित्र यस कार्यालयमा पुन: फिर्ता ल्याइदिने गरी पारिवारिक पुनर्मिलनका लागि आफुसँगै लिएर गएको कुरा ठिक साँचो हो। उल्लिखित अवधिभित्र कार्यालय समयमा म स्वयंले नै निजलाई यस कार्यालयमा फिर्ता ल्याइ बुझाउने गरी मेरो नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी यो कागज गरिदिएको छु।

जिम्मा बुझ्ने पीडितका नजिकका संरक्षकको

नामथरः

स्थायी ठेगानाः

पीडितसँगको नाताः

हस्ताक्षरः

यसै कागजसाथ पीडितलाई निजको संरक्षक ......... नाता पर्ने ............ का साथ पारिवारिक पुनर्मिलनका लागि मिति ......... गतेभित्र फिर्ता ल्याइसक्ने गरी बुझाइएको छ।

गृह प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

<u>रोहवर</u>

नामथरः

पदः वार्डेन

कार्यालय: दीर्घकालीन पुनःस्थापना गृह, प्रदेश नं. १, विराटनगर, नेपाल

हस्ताक्षरः

<u>पारिवारिक पुनर्मिलन पश्चात पीडितलाई पुनःस्थापना गृहमा जिम्मा लगाएको कागज</u>

प्रदेश सरकार, प्रदेश नं. १ द्वारा सञ्चालित यस दीर्घकालीन पुनःस्थापना गृहमा मिति ......... देखी आश्रय लिइ बस्दै आउनु भएकी मेरो ....... नाता पर्ने ....... जिल्ला, ....... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा वडा नं. .... स्थायी ठेगाना भएकी वर्ष .... की ................ लाई मिति .......... गतेका दिन मिति ......... गतेभित्रमा यस कार्यालयमा पुनः फिर्ता ल्याइदिने गरी पारिवारिक पुनर्मिलनका लागि आफुसँगै लिएर गएकोमा पारिवारिक पुनर्मिलन पश्चात तोकिएको मिति...... गतेका दिन यस कार्यालयमा फिर्ता बुझाइ यो कागज गरिदिएको छु।

जिम्मा बुझाउने पीडितका नजिकका संरक्षकको

नामथरः

स्थायी ठेगानाः

पीडितसँगको नाताः

हस्ताक्षरः

यसै कागजसाथ पीडितलाई निजको नजिकको संरक्षक ....... नाता पर्ने .... ले पारिवारिक पुनर्मिलन पश्चात यस कार्यालयमा आज मिति ......... गते फिर्ता ल्याइ बुझाइएको कुरा ठिक साँचो हो।

गृह प्रमुखको नामथरः

हस्ताक्षरः

कार्यालयको छापः

<u>रोहवर</u>

नामथरः

पदः वार्डेन

कार्यालयः दीर्घकालीन पुनःस्थापना गृह, प्रदेश नं. १, विराटनगर, नेपाल

हस्ताक्षरः

## अनुसूची-८
### (दफा १९ को उपदफा (३) सँग सम्बन्धित)

### दीर्घकालीन पुनःस्थापना गृहमा आउने आगन्तुकहरूका लागि अवलोकनका शर्तहरू

आज मिति ........... गतेका दिन म यस दीर्घकालीन पुनःस्थापना गृहको अवलोकनका लागि गृह प्रमुखको अनुमति लिएर आएकोमा यस गृहको अवलोकन गर्दा गृहमा आश्रय लिइ बसेका पीडितहरूको सुविधा, गोपनियता र सहजतालाई ख्याल राखी देहाय बमोजिमका शर्तहरूको पालना गर्नेछुः-

१. यस पुनःस्थापना गृहमा आश्रय लिइ बसेका पीडितहरूको अधिकार मेरो अवलोकनको उद्देश्य भन्दा महत्वपूर्ण रहेकोमा म पूर्णतः समहत छु।

२. यस पुनःस्थापना गृहमा आश्रय लिइ बसेका पीडितहरूको परिस्थितिलाई म सम्मान गर्नेछु र सम्वेदनशीतापूर्वक लिनेछु।

३. पीडितहरूको गोपनियतालाई ख्याल गर्दै पुनःस्थापना गृह तथा पीडित स्वयंको अनुमति विना पीडितहरूको पहिचान खुल्ने गरी एकल वा सामूहिक फोटो खिच्ने तथा छापा वा श्रव्यदृष्य माध्यममा कुनै पनि समाचार, आलेख तथा विचार प्रकाशन तथा प्रसारण गर्ने छैन।

४. यस पुनःस्थापना गृहको अवलोकन मैले गृहसँग भेटघाटको अनुमति लिँदाका बखत खुलाएको उद्देश्यका लागि मात्र गर्देछु।

५. यस पुनःस्थापना गृहमा आश्रय लिइ बसेका पीडितहरूलाई नकारात्मक असर पर्ने गरी बोलीबचन वा व्यवहार वा अन्य कुनैपनि कुराहरू गर्नेछैन। साथै पीडितहरूलाई कुनैपनि झुठा आश्वासन देखाउने छैन।

६. पीडितहरूसँग कुराकानीका क्रममा उनीहरूले भोगेका शोषण तथा उत्पीडतका सम्बन्धमा पीडितहरूलाई जवरजस्ती अनुभव व्यक्त गर्न लगाउने प्रयास गर्नेछैन।

७. पीडितहरूको सुरक्षामा जोखिम आउने वा आउन सक्ने सम्भावना देखिएमा मैले तयार पार्ने प्रतिवेदन कहिँकतै प्रकाशन वा प्रसारण गर्नेछैन।

८. यस पुनःस्थापना गृहमा आश्रय लिइ बसिरहेका पीडितहरूलाई बाहिर कहिँकतै घुमाउन लैजान प्रस्ताव गर्नेछैन।

९. भेटघाटको अवधिमा र यस पछि पनि पुनःस्थापना गृहले तोकेको गोपनियताको सिद्धान्तलाई म पूर्ण रूपले कदर र पालना गर्नेछु।

आगन्तुकको नामथर र ठेगानाः

पेशाः

पद र संस्थाः

हस्ताक्षरः

**अनुसूची-९**

**(दफा २० को उपदफा (१) सँग सम्बन्धित)**

**<u>पीडितको अभिलेख सम्बन्धी विभिन्न प्रकारका खाताहरूको ढाँचा</u>**

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**किताव नं. १**

**<u>पीडित दर्ता किताव</u>**

| सि. नं. | दर्ता मिति | पीडितको नामथर ठेगाना | उमेर | शैक्षिक योग्यता | पीडितसँग सम्बन्धित घटना/मुद्दा | सिफारिस गर्ने निकाय (स्थानीय तह/अल्पकालीन सुरक्षा आवास/OCMC भएका अस्पताल | बालबालिका साथमा भए संख्या | नजिकको संरक्षकको | | पीडितको प्रकार (बालबालिका/ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति वा अन्य) | पीडितलाई पुनःस्थापना गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नामथर ठेगाना | सम्पर्क नं. | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**किताव नं. २**

**<u>पीडितको पुन:स्थापना अभिलेख किताव</u>**

| सि.नं. | पीडितको नामथर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना /मुद्दा | पुन:स्थापना गरिएको मिति | सिफारिस गर्ने निकाय (स्थानीय तह/अल्पकालीन सुरक्षा आवास/OCMC भएका अस्पताल | पुन:स्थापना गरिएको स्थान | | जिम्मा बुझ्ने परिवारका सदस्यको | | रोहवरमा बस्नेको नामथर, ठेगाना, पद, कार्यालय | | पीडितको साथमा बालबालिका समेत भए | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालय बाट | पीडितको ठेगानामा पुगेर | नामथर ठेगाना | पीडित सँगको नाता | नामथर ठेगाना | पद र कार्यालय | संख्या | उमेर | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**किताव नं. ३**

**<u>पीडितलाई प्रदान गरिएको सेवाको अभिलेख किताव</u>**

| सि.नं. | पीडितको नामथर ठेगाना | दर्ता नं. | पीडितसँग सम्बन्धित घटना/मुद्दा | प्रदान गरिएको सेवा | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लत्ताकपडा | | मनोसामाजिक मनोविमर्श | कानूनी परामर्श | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार | सीप विकास तालिम | |
| | | | | साधारण | जाडो | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**किताव नं. ४**

**<u>संरक्षकको जिम्मा बुझाइएको वा संस्थागत स्याहारमा पठाइएका पाँच वर्ष भन्दा माथिका बालबालिकाको अभिलेख किताव</u>**

| सि. नं. | बालबालिकाको | | | अभिभावकको | | अभिभावक सँग सम्बन्धित घटना/मुद्दा | संरक्षकको जिम्मामा पठाइएको | | | संस्थागत स्याहारमा पठाइएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | उमेर | लिङ्ग | नामथर | ठेगाना | | जिम्मा बुझ्ने संरक्षकको नाम | बालबालिका सँग निजको नाता | मिति | संस्थाको नाम ठेगाना | मिति | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-१०

(दफा २१ को उपदफा (३) सँग सम्बन्धित)

**मासिक र वार्षिक प्रतिवेदनको ढाँचा**

फाराम नं. १

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**वि.सं. .... साल ....महिनाको पीडित र बालबालिकाको संख्या जनाउने मासिक प्रतिवेदन**

| पीडितको विवरण | गत महिना सम्मको | यस महिनाको | जम्मा | आश्रित बालबालिकाको विवरण | गत महिना सम्मको | यस महिनाको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पीडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनःस्थापना गरिएका पीडित | | | | संस्थागत स्याहारमा पठाइएका वा अभिभावकसँगै पुन:स्थापना गरिएका बालबालिका | | | |
| बाँकी रहेका पीडित | | | | बाँकी रहेका बालबालिका | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखत:

फाराम नं. २

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**वि.सं. .... साल ....महिनाको पीडितलाई प्रदान गरिएको सेवाको मासिक प्रतिवेदन**

| | मनोविमर्श सेवा | कानूनी परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार सेवा | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | |
| यस महिनाको | | | | | |
| जम्मा | | | | | |

(द्रष्टव्यः प्रत्येक पटक उपलब्ध गराएको सेवाको लागि एक पटक मानी कति पटक त्यस्तो सेवा उपलब्ध गराइएको हो सो संख्या उल्लेख गर्ने)

| तयार गर्ने | प्रमाणित गर्ने |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

फाराम नं. ३

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**<u>वि.सं. .... साल ....महिनाको घटनाका आधारमा पीडितको प्रकार उल्लेख भएको मासिक प्रतिवेदन</u>**

| | जवरजस्ती करणी | जवरजस्ती करणी उद्योग | ज्यान सम्बन्धी | मानव बेचबिखन तथा ओसार पसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

<u>तयार गर्ने</u>

नामथरः

पदः

दस्तखतः

<u>प्रमाणित गर्ने</u>

नामथरः

पदः

दस्तखतः

फाराम ४

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं १, विराटनगर, नेपाल**

**वि.सं. ...... साल ....... महिनाको पीडितहरूको मासिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता भएका व्यक्ति | दलित | आदिवासी जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

फाराम ५

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं १, विराटनगर, नेपाल**

**वि.सं. ...... साल ....... महिनाको शैक्षिक योग्यताको आधारमा पीडितहरूको मासिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्यालय शिक्षा उत्तीर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| गत महिना सम्मको | | | | | | |
| यस महिनाको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने
नामथरः
पदः
दस्तखतः

प्रमाणित गर्ने
नामथरः
पदः
दस्तखतः

फाराम नं. ६

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**आ.व. ..... को पीडित र बालबालिकाको संख्या जनाउने वार्षिक प्रतिवेदन**

| पीडितको विवरण | गत वर्ष सम्मको | यस वर्षको | जम्मा | आश्रित बालबालिकाको विवरण | गत वर्ष सम्मको | यस वर्षको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| थप भएका पीडित | | | | थप भएका बालबालिका | | | |
| सामाजिक पुनःस्थापना गरिएका पीडित | | | | संरक्षकको जिम्मा लगाइएका, संस्थागत स्याहारमा पठाइएका वा अभिभावकसँगै पुनःस्थापना गरिएका बालबालिका | | | |
| बाँकी रहेका पीडित | | | | बाँकी रहेका बालबालिका | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

**फाराम नं. ७**

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**आ.व. ....... को पीडितलाई प्रदान गरिएको सेवाको वार्षिक प्रतिवेदन**

| | मनोविमर्श सेवा | कानूनी परामर्श सेवा | पारिवारिक पुनर्मिलन | स्वास्थ्य उपचार सेवा | सीप विकास तालिम |
|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | |
| यस वर्षको | | | | | |
| जम्मा | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

फाराम नं. ८

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

**आ.व. ......... को घटनाका आधारमा पीडितको प्रकार उल्लेख भएको वार्षिक प्रतिवेदन**

| | जवरजस्ती करणी | जवरजस्ती करणी उद्योग | ज्यान सम्बन्धी | मानव बेचबिखन तथा ओसार पसार | घरेलु हिंसा | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

फाराम ९

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं १, विराटनगर, नेपाल**

**वि.सं. ...... सालको पीडितहरूको वार्षिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता भएका व्यक्ति | दलित | आदिवासी जनजाति | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

फाराम १०

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**दीर्घकालीन पुनःस्थापना गृह**

**प्रदेश नं १, विराटनगर, नेपाल**

**वि.सं. ...... सालको शैक्षिक योग्यताको आधारमा पीडितहरूको वार्षिक समूहगत वर्गीकरण प्रतिवेदन**

| | निरक्षर | सामान्य साक्षर | आधारभूत शिक्षा उत्तीर्ण | विद्यालय शिक्षा उत्तीर्ण | उच्च शिक्षा | अन्य |
|---|---|---|---|---|---|---|
| गत वर्ष सम्मको | | | | | | |
| यस वर्षको | | | | | | |
| जम्मा | | | | | | |

तयार गर्ने

नामथरः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामथरः

पदः

दस्तखतः

अनुसूची-११

(दफा २७ सँग सम्बन्धित)

<u>पुनःस्थापना गृहको छापको नमूना</u>



## पुनःस्थापना गृहको लेटरप्याडको नमूना

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# दीर्घकालीन पुनःस्थापना गृह

प्रदेश नं. १, विराटनगर

पत्र संख्याः मितिः

चलानी नं: